# रामप्रसादराई गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा

बैकुण्ठे, भोजपुर

(१ नं.प्रदेश,नेपाल)

पत्र संख्या: २०७८/७९
चलानी नं: शिक्षा/ ११३

मिति:२०७८/११/०३

**बिषय: युवा क्लव गठन गर्ने सम्बन्धमा।**

श्री सम्पुर्ण वडा कार्यालयहरु,
रामप्रसादराई गाउँपालिका, भोजपुर।

प्रस्तुत बिषयमा युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजिकरण गर्ने उद्धेश्यले नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परीषद्, सानोठिमी भक्तपुर द्वारा स्विकृत युवा क्लव गठन तथा युवा संसद सञ्चालन कार्यविधि, २०७५ (संशोधनसहित) को परिच्छेद २ को दफा ३ बमोजिम आफ्नो वडामा युवा क्लव गठन गरी २१ दिन भित्रमा यस कार्यालयमा जानकारी पठाउनहुन अनुरोध छ।

२०७८/११/०३

श्रीप्रसाद ढकाल
नि.प्रमुख प्रशासकीय अधिकृत

**<u>वोधार्थ:</u>**
श्री राष्ट्रिय युवा परीषद्, सानोठिमी भक्तपुर: जानकारीका लागि।
श्रीमान् अध्यक्षज्यू, रामप्रसादराई गाउँपालिका: जानकारीका लागि।
श्रीमान् उपाध्यक्षज्यू, रामप्रसादराई गाउँपालिका: जानकारीका लागि।
श्री जिल्ला युवा समितिको कार्यालय, भोजपुर: जानकारीका लागि।

(५) युवाक्लबका सदस्य चयन गर्नका लागि वडासमितिले यससम्बन्धी थप कार्यविधि निर्माण गरी लागू गर्न सक्नेछ ।

(६) युवाक्लबका पदाधिकारीहरुको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ । युवाक्लबका पदाधिकारीको उमेरको कारण पद रिक्त भएमा उक्त व्यक्ति जुन क्षेत्रबाट प्रतिनिधित्व गरेको हो सोही क्षेत्रबाट मनोनित गर्ने निकायले बाँकी अवधिका लागि मनोनित गरी पदपूर्ति गर्नेछ ।

(७) वडास्तरीय युवाक्लबको सचिवालय सम्बन्धित वडा समितिको कार्यालयमा रहनेछ ।

४. **युवाक्लबको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**

(क) युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने ।

(ख) स्थानीय तहसंग समन्वय र सहकार्य गरी युवा विकासका योजना र कार्यक्रम निर्माणमा सहभागी भई युवामैत्री कार्यक्रम निर्माण र कार्यान्वयनमा पैरवी र सहयोग गर्ने ।

(ग) स्थानीय तहमा सञ्चालन हुने सरसफाइ , वातावरण संरक्षण , बालअधिकार , मानव अधिकार , महिला अधिकार , शैक्षिक कार्यक्रम , सामाजिक अन्धविश्वास र कुरीति विरुद्धका सचेतना अभियानहरुमा सक्रियता पूर्वक सहभागी भई कार्यक्रम सफल बनाउन सहयोग गर्ने ।

(घ) प्राकृतिक तथा अन्य प्रकोप व्यवस्थापन तथा विपदका बेला विपद् पूर्व तयारी तथा राहत र उद्धार कार्यमा वडासमिति गाउँपालिका तथा नगरपालिकासंगको समन्वय र सहकार्यमा स्थानीय युवा परिचालन गरी स्वयंसेवकीय भूमिका निर्वाह गर्ने ।

(ङ) राष्ट्रिय युवा परिषद र मातहतका निकायहरुमार्फत स्थानीय स्तरमा सञ्चालन हुने युवालक्षीत कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने ।

(च) दिगो विकासका लक्ष्यहरुलाई आ-आफ्नो क्षेत्रमा स्थानीयकरण गरी कार्यान्वयन गर्न युवाको सार्थक सहभागिताका साथ नेतृत्वदायी भूमिका खेल्ने ।

(छ) प्रत्येक युवा क्लबले युवाको सहभागितामा वडासमितिको समन्वय र सहकार्यमा कम्तिमा एक उधम तथा एक अतिरिक्त क्रियाकलापको नेतृत्व र व्यवस्थापन गर्ने ।

(ज) राष्ट्रिय युवा परिषद वा प्रदेश युवा परिषद र स्थानीय तहबीच समन्वय र सहकार्य गरी युवालक्षीत कार्यक्रमहरु सञ्चालन गर्ने ।

(झ) सार्वजनिक निकायमा सूचनाको हकको कार्यान्वयन तथा सुसाशन प्रवर्द्धनमा टेवा पुर्याउने ।

(ञ) दिगो विकासको लक्ष्यलाई स्थानीयकरण गरी यसको कार्यान्वयनमा युवा परिचालन गर्ने

## परिच्छेद – ३

परिच्छेद – २

## युवा क्लबको गठन प्रक्रिया काम कर्तव्य र अधिकार

३. युवाक्लबको गठन

(१) स्थानीय तहको प्रत्येक वडामा सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडासदस्यको संरक्षकत्वमा युवाक्लव गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने युवाक्लबमा सम्बन्धित वडा भित्रका १६ देखि २४ वर्ष उमेर समूहका सम्पूर्ण युवाहरु युवाक्लवका साधारण सदस्य हुन सक्नेछन् । यसका लागि सम्बन्धित वडासमितिले तोकेको समयभित्र उक्त उमेर समूहका युवाले सदस्यताका लागि सम्बन्धित वडासमितिको सचिवालयमा उमेर र ठेगाना खुलेको प्रमाण सहित दर्ता गर्नुपर्नेछ । युवाक्लबका साधारण सदस्य चौबिस वर्ष उमेर पुरा भएपछि उक्त युवाक्लबको सदस्य रहनेछैन ।

(३) हरेक वडमा गठन हुने वडास्तरीय युवाक्लव कार्यसमितिमा देहायका युवालाई सदस्यको रुपमा सम्बन्धित वडा समितिले मनोनित गर्नेछ ।

क. प्राथमिकताको समूहका युवाहरु मध्येबाट एक जना ।

ख. विशेष प्राथमिकताको समूहका युवाहरु मध्येबाट एक जना ।

ग. स्थानीय उधमी युवाहरु मध्येबाट एकजना

घ. युवा पत्रकारहरु मध्येबाट एकजना

ङ. स्थानीय खेलाडीहरु मध्येबाट एकजना

च. स्थानीय कलाकारहरु मध्येबाट एकजना

छ. स्थानीय सहकारीमा आवद्ध युवाहरु मध्येबाट एकजना

ज. स्थानीय समुदायमा आधारित संस्थाहरुको प्रतिनिधि युवा एकजना

झ. वडा भित्रका मेधावी विधार्थीहरुमध्येबाट एकजना महिला सहित २ जना

ञ. वडापालिकाले खुला समूहबाट मनोनित गरेका युवा ५ जना

(४) युवाक्लबका सदस्यहरुले अध्यक्ष , उपाध्यक्ष, सचिव तथा कोषाध्यक्ष आँफूहरु मध्येबाट छनौट गर्नेछन् । उपर्युक्तानुसारको वडाक्लबको कूल सदस्य संख्यामा कम्तिमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्नेछ ।